# खुम्बु पासाङल्हामु गाउँपालिका

चौरी प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१०/२३

चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश
नेपाल

प्रमाणिकरण मितिः २०८०/१०/२४

# खुम्बु पासाङल्हामु गाउँपालिकाको चौरी प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०

**प्रस्तावनाः** हिमाली भेगको जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने र शेर्पा जातिको इतिहाससँग जोडिएको चौरी पालन कार्यक्रममा सहभागी हुने कृषक, कृषक समूह, समिति, निजी फार्म/उद्यमीमार्फत याक, नाक तथा चौरीबाट उत्पादित पदार्थहरुको उत्पादनलाई प्रवर्द्धन तथा व्यवसायीकरणतर्फ उत्प्रेरित गरिने नीतिलाई साकार पार्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ण) तथा चौरी प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले, खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ बमोजिम गाउँकार्यपालिकाले यो कार्यविधि पारित गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भः**

(क) यस कार्यविधिको नाम "चौरी प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(ग) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "शाखा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको पशुपन्छी विकास शाखा सम्झनु पर्दछ ।

(घ) "वडा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत पर्ने १ देखि ५ नं. का वडाहरु सम्झनुपर्दछ ।

(ङ) "प्राविधिक" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(च) "अनुदान" भन्नाले चौरी उत्पादन प्रवर्द्धनको लागि दिइने अनुदान सम्झनु पर्दछ ।

(छ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/कृषक समूह/सहकारी/संस्था/निजी फर्म/उद्यमीहरु सम्झनु पर्दछ ।

(ज) "मागमा आधारित अनुदान कार्यक्रम" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाभित्र सञ्चालन तथा व्यवस्थापन गरी चौरी उत्पादन प्रवर्द्धन गर्ने व्यवसायिक उत्पादकलाई उत्पादनमा सहयोग गर्ने कार्यक्रममा दिइने अनुदान सम्झनु पर्दछ ।

(झ) "मापदण्ड" भन्नाले मागमा आधारित अनुदान कार्यक्रमको सञ्चालन गर्नका लागि तोकिएको अनुसूची- ५ बमोजिम तथा खुम्बु पासाङल्हामु गाउँपालिकाको मार्ग निर्देशन बमोजिमको मापदण्डलाई सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाले यस कार्यविधिमा व्यवस्था गरे अनुसारको कार्यक्रमका लागि पेश हुने प्रस्तावहरुको छनौट तथा मूल्याङ्कनका लागि गठित छनौट समिति सम्झनु पर्दछ ।

(ट) "लगानी रकम" भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको व्यवसायिक कृषि तथा पशु विकास कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कूल लगानी रकम सम्झनु पर्दछ ।

(ठ) "चौरी" भन्नाले हिमाली तथा उच्च पहाडी भू-भागमा पाइने चौरी, नाक, याक तथा झोप्के सम्झनुपर्नेछ ।

## परिच्छेद २

## <u>कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्था</u>

**३. <u>सञ्चालन गरिने कार्यक्रमः</u>** चौरी प्रवर्द्धन कार्यक्रम अन्तगर्त निम्न कार्यक्रमहरू गरिने छन् ।

(क) घुम्ती गोठ प्रवर्द्धन कार्यक्रम

(ख) मागमा आधारित अनुदान कार्यक्रम

४. **<u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u>**

**(क) घुम्ती गोठ प्रवर्द्धन कार्यक्रमः**

(१) गाउँपालिकाको पशुपन्छी विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको चौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गतको घुम्ती गोठ प्रवर्द्धन कार्यक्रमका लागि बजेटमा व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा आवश्यक लजिस्टिक समाग्री शत प्रतिशत वा आंशिक साझेदारी कार्यक्रममा आधारित अनुदानमा उपलब्ध हुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) अनुदान प्रवाहका लागि १५ (पन्ध्र) दिनको म्याद दिई **अनुसूची- १** बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

(३) निवेदन पेश गर्दा **अनुसूची-** २ बमोजिमको ढाँचामा निवेदन गाउँपालिकाको सम्बन्धित वडामा सङ्कलन गरी पशुपन्छी विकास शाखामा पेश गर्नुपर्ने छ ।

(४) प्राप्त निवेदनहरुको आधारमा पशुपन्छी विकास शाखाबाट स्थलगत निरीक्षण गरी **अनुसूची- ३** अनुसारको विवरण बनाई छनौट समितिमा पेश गर्नु पर्नेछ ।

(५) यसरी पेश हुन आएका निवेदनहरु छनौट समितिबाट छनौट गरी वार्षिक स्वीकृत बजेटको अधीनमा रही कार्यक्रमको लागि आवेदक छनौट गरिनेछ ।

(६) छनौटमा परेका स्वीकृत प्रस्तावहरुको विवरण सबैको जानकारीको लागि खुम्बु पासाङल्हामु गाउँपालिकाको सूचना पाटी तथा पालिकाको वेबसाइटमा राखिनेछ ।

(७) कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्दा लाग्ने खाजा, खाना, भत्ता, स्टेशनरी, ईन्धन, सोही कार्यक्रममा विनियोजन गरिएको बजेट शीर्षकबाट खर्च गरिनेछ ।

**ख) मागमा आधारित अनुदान कार्यक्रमः**

(१) गाउँपालिकाको पशुपन्छी विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको अनुदान कार्यक्रमको लागि बजेटमा व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा अधिकतम ७५% (पचहत्तर प्रतिशत) सम्म अनुदान उपलब्ध हुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) अनुदान प्रवाहका लागि १५ (पन्ध्र) दिनको म्याद दिई **अनुसूची-** ४ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

(३) कार्यक्रम सञ्चालनको लागि **अनुसूची- ५** बमोजिमको मापदण्ड हुनेछ ।

(४) प्रस्ताव पेश गर्दा **अनुसूची- ६** बमोजिमको ढाँचामा निवेदन र **अनुसूची- ५** मा रहेको कार्यक्रम सञ्चालन मापदण्ड अनुसार **अनुसूची- ७** बमोजिमको ढाँचामा कार्ययोजना खुम्बु पासाङल्हामु गाउँपालिकाको पशुपन्छी विकास शाखामा पेश गर्नुपर्ने छ ।

(५) प्राप्त प्रस्तावहरुका आधारमा पशुपन्छी विकास शाखाबाट स्थलगत निरीक्षण समेत गरी **अनुसूची- ३** अनुसारको विवरण बनाई छनौट समितिमा पेश गर्नु पर्नेछ ।

(६) प्राप्त प्रस्तावहरु समितिले **अनुसूची-** ८ बमोजिमको प्रस्ताव मुल्याङ्कन सूचकको आधारमा प्रस्तावहरु मुल्याङ्कन गरिनेछ ।

(७) यसरी पेश हुन आएका प्रस्तावहरुको अनुगमन तथा मुल्याङ्कन गरी प्राप्त प्राप्ताङ्कको आधारमा समितिबाट वार्षिक स्वीकृत बजेटको अधीनमा रही कार्यक्रमको लागि आवेदक छनौट गरिनेछ ।

(८) छनौटमा परेका स्वीकृत प्रस्तावहरुको विवरण सबैको जानकारीको लागि खुम्बु पासाङल्हामु गाउँपालिकाको सूचना पाटी तथा पालिकाको वेबसाइटमा राखिनेछ ।

(९) खुम्बु पासाङल्हामु गाउँपालिकाबाट छनौटमा परेका अनुदानग्राहीसंग **अनुसूची- ९** बमोजिम सम्झौता गरिनेछ ।

(१०) कार्यक्रम अवधि र क्रियाकलापको विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(११) कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्दा लाग्ने खाजा, खाना, भत्ता, स्टेशनरी, ईन्धन, सोही कार्यक्रममा विनियोजन गरिएको बजेट शीर्षकबाट खर्च गरिनेछ ।

५. **<u>छनौट समितिः</u>** कार्यक्रमको लागि छनौट समितिको जिम्मेवारी आर्थिक विकास समितिको रहनेछ । कार्यक्रममा आवश्यकता अनुसार सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

६. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** दफा (५) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन।

(क) कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने प्रस्तावकहरु मध्ये अनुदानग्राहीको नाम छनौट गर्ने,

(ख) संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ग) अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण राख्न लगाउने ।

(घ) छनौट सम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने ।

(ङ) अन्य कार्यक्रमसँग सम्बन्धित आवश्यक अन्य कार्य गर्ने ।

७. **<u>अनुगमन तथा सुपरिवेक्षण</u>** यस कार्यक्रमको समग्र अनुगमन, सुपरिवेक्षण तथा प्रतिवेदन पेश गर्ने जिम्मेवारी वडास्तरीय अनुगमन समितिको हुनेछ ।

८. **<u>अनुदान रकम भुक्तानी प्रक्रियाः</u>** कार्य सम्पन्न भए पश्चात अनुदान ग्राहीले लागत अनुमान, सोसंग सम्बन्धित विल भरपाई, संचालित कार्यक्रमको फोटो तथा होडिङ बोर्ड, वडास्तरीय अनुगमन समितिको प्रतिवेदन, पशुपन्छी विकास शाखाको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपश्चात प्रचलित कानून बमोजिम भुक्तानी गरिनेछ ।

९. **<u>कारवाही:</u>** यस कार्यविधि बमोजिम सुविधा उपलब्ध प्राप्त गर्ने सिलसिलामा गलत मनासाय राखी, सुविधा प्राप्त गर्न ढाँटछल गरेको प्रमाणित भएमा सुविधा वापत दिएको रकम बराबरको रकम सम्बन्धित लाभग्राहीबाट असुल उपर गरिनेछ ।

१०. **<u>संशोधन वा हेरफेरः</u>** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

११. **<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची- १

(कार्यविधिको दफा ४ को क (२) सँग सम्बन्धित)

<u>कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको ढाँचा</u>

*खुम्बु पासाङल्हामु गाउँपालिकाको लेटरहेड*

*सूचना नम्बरः.............*

**..........................कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति ..........................

खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक वर्ष ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसार कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिकाको कार्यालय वा आफ्नो वडा कार्यालयमा तपसिल बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक/कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ संलग्न गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक कार्ययोजना तथा संलग्न गर्नु पर्ने कागजात यस कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**<u>तपसिल</u>**

| क्र.स. | कार्यक्रमको नाम | माग गर्न सकिने लजिस्टिक | न्युनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १. | | | | |

<u>आवश्यक कागजातहरुः</u>

१. कार्यक्रमको लागि तोकिएको ढाँचामा निवेदन ।

२. दर्ता/नवीकरण भएको प्रमाण पत्रको प्रतिलीपि ।

३. समूह र सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलीपि ।

*थप जानकारीको लागि पशुपन्छी विकास शाखा ....................... मा सम्पर्क गर्न सकिने छ ।*

अनुसूची- २

(कार्यविधिको दफा ४ को क (३) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मिति: .........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

खुम्बु पासाङल्हामु गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

चौरीखर्क, सोलुखुम्बु ।

**विषय: लजिस्टिक सामाग्री माग गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा ताहाँ कार्यालयबाट मिति ............... मा प्रकाशित भएको सूचना अनुसार .....................................................कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी यो निवेदन पेस गरेका छु/छौं ।

**संलग्न कागजातहरुः**

| विवरण | छ | छैन |
|---|---|---|
| निवेदन | | |
| दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलीपि | | |
| आवस्यक सामाग्री | | |
| अनुदान माग गर्न गरिएको संस्था/समूहको निर्णयको प्रतिलीपि | | |
| जग्गा-धनी दर्ता प्रमाण-पूर्जाको प्रतिलीपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार/संझौता पत्र) | | |

माथि उल्लेखित विवरण तथा कागजातहरू सहि सत्य छन् ।

**निवेदक**

दस्तखतः

नामः

ठेगानाः

सम्पर्क नं.

संस्था/समूहको छापः

अनुसूची- ३

(कार्यविधिको दफा ४ को ख (५) सँग सम्बन्धित)

**स्थलगत अनुगमन विवरण**

१. आवेदकको नामः

२. प्रस्तावित कार्यक्रमको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. कार्यक्रम सञ्चालन स्थलको भौतिक पूर्वाधारको अवस्थाः

सडक सुविधा भएको/नभएको-

विद्युत सुविधा भएको/नभएको-

जग्गाको स्वामित्व आफ्नै/भाडाको-

५. व्यवसाय सम्बन्धी अनुभवः

६. व्यवसायसँग सम्बन्धित तालिमः

७. कार्यक्रम सञ्चालनको लागि प्राविधिक रुपमा स्थलगत अवस्थाः

८. कार्यक्रम सञ्चालनको लागि वित्तीय अवस्था तथा साझेदारी गर्न चाहेको रकमः

९. रोजगारीको अवस्थाः

१०. बजारीकरण योजनाः

११. अन्य सान्दर्भिक बुँदाहरुः

अनुसूची- ४

(कार्यविधिको दफा ४ को ख (२) सँग सम्बन्धित)

कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको ढाँचा

***खुम्बु पासाङल्हामु*** *गाउँपालिकाको लेटरहेड*

*सूचना नम्बरः.............*

**..........................कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति ..........................

खुम्बु पासाङल्हामु गाउपालिकाको आर्थिक वर्ष ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसार कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिकाको कार्यालय वा आफ्नो वडा कार्यालयमा तपसिल बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धितसबै (कृषक/कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ संलग्न गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक कार्ययोजना तथा संलग्न गर्नु पर्ने कागजात यस कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | बजेट | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १. | | | | | |

आवश्यक कागजातहरुः

१. कार्यक्रमको लागि तोकिएको ढाँचामा निवेदन ।
२. दर्ता/नवीकरण भएको प्रमाण पत्रको प्रतिलीपि।
३. व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव ।
४. समूह र सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलीपि ।
५. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलीपि वा जग्गा भाडामा लिएको भए भाडा सम्झौता ।

*थप जानकारीको लागि पशुपन्छी विकास शाखा ....................... मा सम्पर्क गर्न सकिने छ ।*

अनुसूची- ५

(कार्यविधिको दफा ४ को ख (३) सँग सम्बन्धित)

**<u>मागमा आधारित अनुदान कार्यक्रमको लागि मापदण्ड तथा अनुदान सीमा</u>**

१. पशुपालन फर्म वडामा दर्ता भई पालिकामा सुचिकृत गर्नुपर्नेछ ।

२. भौगोलिक क्षेत्र सुहाउने कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

३. छनोट भएका आवेदकहरुले कार्यालयबाट उपलब्ध भएको लागत अनुमान र तोकिएको ढाँचामा काम गर्नु पर्नेछ ।

४. उक्त फर्ममा कम्तिमा १५ ओटा चौरी हुन पर्नेछ ।

५. फर्मका पशुहरुमा बिमाको ट्याग अथवा पालिकाको ट्याग अनिवार्य छ ।

६. स्वीकृत भएको अनुदान कार्यक्रमको लागि बजेटमा व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा अधिकतम ७५% (पचहत्तर प्रतिशत) सम्म अनुदान उपलब्ध हुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ ।

अनुसूची- ६

(कार्यविधिको दफा ४ को ख (४) सँग सम्बन्धित)

**<u>निवेदनको ढाँचा</u>**

मिति: .........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

खुम्बु पासाङल्हामु गाउपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

चौरीखर्क, सोलुखुम्बु ।

**<u>विषय: कार्यक्रम सञ्चालनको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा ताहाँ कार्यालयबाट मिति ............... मा प्रकाशित भएको सूचना अनुसार .......................................................कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेस गरेका छु/छौं।

**<u>संलग्न कागजातहरुः</u>**

| **विवरण** | **छ** | **छैन** |
|---|---|---|
| प्रस्तावकको निवेदन | | |
| दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलीपि | | |
| कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| अनुदान माग गर्न गरिएको संस्था/समूहको निर्णयको प्रतिलीपि | | |
| अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा) | | |
| जग्गा-धनी दर्ता प्रमाण-पूर्जाको प्रतिलीपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार/संझौता पत्र) | | |

माथि उल्लेखित विवरण तथा कागजातहरू सहि सत्य छन्।

**निवेदक**

दस्तखत

नाम

ठेगाना

सम्पर्क नं.

संस्था/समूहको छापः

अनुसूची- ७

(कार्यविधिको दफा ४ को ख (४) सँग सम्बन्धित)

**कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा**

कार्यक्रमको नाम: जिल्ला: गा.पा.

वडा नं.: टोल: गाउँ:

फर्मको नाम: सञ्चालकको नाम: सम्पर्क नं.-

१. व्यवसायको परिचय:

२. उद्देश्यहरु :

३. कृषि व्यवसायमा अनुभव:

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण:

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६. तालिम सम्बन्धी विवरण :

७.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण:

| क्र.सं. | कार्य विवरण | परिमाण | दर | कूल लागत रकम रु | अनुदान रकम रु | साझेदारी रकम रु | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)-

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

(क) उपलब्ध जग्गाको क्षेत्रफल .......................

(ख) कार्यक्रमको स्पष्टता ................................

(ग) अपेक्षित वार्षिक प्रतिफल……………………………………..

कार्ययोजना पेश गर्ने:

फर्म/कृषकको नामः सम्पर्क नम्बर:

ठेगाना: जिल्ला ........ गाउँपालिका............... वडा न. .... टोल ........

फर्म सञ्चालन गरिने स्थान: जिल्ला ........ गाउँपालिका.............. वडा न. ....टोल ........

फर्म/कृषकको तर्फबाट

नाम:

पद:

दस्तखत:

मितिः

अनुसूची- ८

(कार्यविधिको दफा ४ को ख (६) सँग सम्बन्धित_

**प्रस्ताव मूल्याङकनका आधार/सुचकहरु**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १. | व्यवसायिक कार्ययोजना | १० | |
| २. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधार र संभावनाको अवस्था | १५ | |
| ३. | व्यवसाय व्यवस्थापनको अवस्था र संभावनाको अवस्था | १५ | |
| ४. | प्राविधिक रुपमा उपयुक्त स्थान वा अवस्थिति | १५ | |
| ५. | आर्थिक पक्ष | १० | |
| ६. | कार्यक्रमको दिगोपना योजना | १५ | |
| ७. | बजारीकरणको हालको अवस्था र भावि योजना | १५ | |
| ८. | रोजगारी सृजनाको अवस्था | ५ | |

अनुसूची- ९

(कार्यविधिको दफा ४ को ख (९) सँग सम्बन्धित_

**<u>मागमा आधारित अनुदान कार्यक्रमको सम्झौता पत्रको नमूना</u>**

खुम्बु पासाङल्हामु गाउपालिकाको आ. व. ...................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौरी प्रवर्द्धन कार्यक्रम अनर्गत मागमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न खुम्बु पासाङल्हामु गाउपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं..........मा रहेको............................................का संचालक श्री ...................................... (यस पछि दोश्रो पक्ष भनिने) का वीच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं।

तपशिल :

१. प्रथम पक्षले मागमा आधारित अनुदान कार्यक्रम मार्फत चौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु. ......................... मध्ये दोश्रो पक्षलाई रु. ........... ( अक्षेरुपी ................) बराबरको आर्थिक/जिन्सी अनुदान प्रदान गर्नेछ । बाँकी रकम दोस्रो पक्ष आफैले लगानी गर्नुपर्नेछ ।

२. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नुपर्नेछ ।

३. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । सोको अनुगमन प्रथम पक्षले गर्ने छ यस कार्यमा प्रथम पक्षलाई आवश्यक सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

४. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमति अनुसारका आवश्यक सामाग्रीहरु आफैले खरिद गरी नियमानुसारको बिल, भरपाई तथा पशु प्राविधिकको कार्य सम्पन्नताको सिफारिस, वडास्तरीय अनुगमन समितिको प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

५. प्रथम पक्षले तोकेको प्राविधिकको प्रतिवेदन सिफारिसमा भएको प्रगतिका आधारमा अनुदान रकम दोश्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिइनेछ ।

६. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको आवश्यक मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ । निर्माण कार्यको हकमा कार्यक्रमको संझौता साथ संलग्न भएको डिजाईन तथा इष्टिमेट बमोजिम गर्नु पर्नेछ ।

७. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

८. उल्लेखित सम्पुर्ण कार्यक्रम मिति ........................ भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

९. कार्यक्रम संचालित स्थानमा सबैले देख्ने गरी कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम सहितको होडिङ्ग बोर्ड राख्नु पर्नेछ । यसको दायित्व दोश्रो पक्षको हुनेछ ।

१०. सम्झौतामा उल्लेख नभएका अन्य विषयहरुको हकमा दुवै पक्षको आपसी सहमतिमा प्रचलित कानून अनुसार हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालय छाप: | पद : |
| | सम्पर्क नं. : |
| साक्षीः | संस्थाको छाप : |
| | साक्षीः |

इति संम्वत् २०.......... साल ............महिना ........गते रोज .........शुभम् ।